'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : ५५ मंगलवार ०६ कार्तिक, २०८१ 22 (Tuesday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## सरकारलाई माधव नेपालको चेतावनी
# पार्टी विभाजन गर्ने अध्यादेश ल्याउने दुस्साहस नगर्नोस्

■ नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/०५



पूर्व प्रधानमन्त्री समेत एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले पार्टी विभाजन गर्ने अध्यादेश ल्याउने दुस्साहस नगर्न सरकार लाई चेतावनी दिएका छन् । सोमबार पार्टीको लुम्बिनी प्रदेश स्तरीय विस्तारित बैठकलाई कपिलवस्तुमा सम्बोधन गर्दै अध्यक्ष नेपालले अरूलाई सिध्याउने हिटलरी शैलीलाई परित्याग गर्न घुराउरो शैलीमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई चेतावनी दिएका हुन् । सरकारले अरू पार्टीलाई टुक्र्याउने दुस्साहस गरे त्यसको परिणाम नराम्रो हुने उनले चेतावनी दिए । उनले भने, 'मलाई सूचना आएको छ कि यो सरकारले अध्यादेश ल्याउन खोज्दै छ रे , म भन्छु खबरदार, अरू पार्टीलाई टुक्र्याउने दुस्साहस यो सरकारले गर्छ भने त्यसको परिणाम नराम्रो हुनेछ ।' ख्याल होस्, अरूलाई सिध्याउँछु भनेर लाग्नेहरू आफैं समाप्त भएर जान्छन् । संसारको इतिहासले यही बताएको छ । म संसारलाई समाप्त गर्छु भन्ने हिटलर मर्ने बेलामा एक्लो भएर मरेको थियो । त्यसैले हिटलरी शैलीलाई परित्याग गर्नुस् ।' त्यस्तै पूर्व प्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले आगामी निर्वाचनमा एकीकृत समाजवादी एक्लै चुनावी प्रतिस्पर्धामा जाने बताएका छन् । आइतबार नेकपा एकीकृत समाजवादी कोहलपुर नगर कमिटी पार्टी कार्यालयमा नेता कार्यकर्तालाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री नेपालले वर्तमान एमाले काँग्रेसको मिलीजुली सरकारको आलोचना गर्दै सरकार अधिनायकवादको बाटोमा रहेको बताएका हुन । अध्यक्ष नेपालले देशब्यापी रूपमा पार्टीको संगठन बिस्तार सँगै अब आगामी निर्वाचनमा नेकपा एकीकृत समाजवादी एक्लै चुनावमा जानलाई तयार भएको बताए । नेपालले भने, 'सरकारले बाढीपहिरो पीडित नागरिकलाई सुरक्षित ब्यवस्थापन र उद्दार गर्नमा असक्षम देखियो । 'सरकारलाई जनताले हेरी सके । दशैं गयो अब तिहारले सरकारलाई सद्बुद्धि देओस् ।' उनले भने, 'पार्टी एकिकरण अथवा कुनै पार्टीमा समाहित हुने कुरा निराधार भएकोले नेकपा एकीकृत समाजवादी पार्टी जनताको भएकोले जनताको बिचमै जनताको समस्या साथमा लिएर सधैं समाधानको पक्षमा छरु।' अध्यक्ष नेपाल पार्टीको संगठन बिस्तार एवं कार्यकर्तालाई प्रशिक्षण गर्दै देश दौडाहामा छन् । यही क्रममा उनले आइतबार कोहलपुरमा पार्टी, नेता कार्यकर्तालाई सम्बोधन गरेका हुन् । सोमबार उनी कपिल्बस्तु पुगेका छन् ।

# एक हजारभन्दा बढीलाई 'स्क्रब टाइफस'

■ नमस्ते समचारदाता
धनगढी, कार्तिक/०५



सुदूरपश्चिम प्रदेशमा यस वर्ष हालसम्म एक हजार १३१ जनालाई 'स्क्रब टाइफस' को सङ्क्रमण भएको छ । प्रादेशिक स्वास्थ्य निर्देशनालयका अनुसार जनवरीदेखि अगस्तसम्म सो संख्यामा 'स्क्रब टाइफस' को सङ्क्रमण भएको हो । पछिल्ला दुई महिनामा मात्रै कुल सङ्क्रमितको आधाभन्दा बढी व्यक्तिलाई 'स्क्रब टाइफस' भएको निर्देशनालयले जनाएको छ । अगस्तमा सबैभन्दा बढी ३७१ जनालाई यो रोग लागेको थियो । निर्देशनालयले दिएको जानकारी अनुसार डडेलधुरामा सबैभन्दा बढी ३४७ जना, अछाममा २४४, बैतडीमा १३३, कैलालीमा १२०, दार्चुलामा १०१ जनालाई 'स्क्रब टाइफस' सङ्क्रमण भएको छ । त्यस्तै डोटीमा ७४, बाजुरामा ५६, कञ्चनपुरमा ३४ र बझाङमा २२ जनालाई 'स्क्रब टाइफस' भएको छ । जङ्गली मुसामा हुने किर्ना (माइट) को टोकाइबाट मान्छेलाई 'स्क्रब टाइफस' लाग्ने गरेको जनाइएको छ । मुसालाई टोकेर किर्नाले 'स्क्रब टाइफस' को ब्याक्टेरिया लिने र मान्छेलाई टोकेर सो ब्याक्टेरिया सार्ने गरेको स्वास्थ्यकर्मीको भनाइ छ । घरमा हुने मुसाभन्दा पनि जङ्गलमा पाइने मुसामा रहेको किर्नाले टोकेमा 'स्क्रब टाइफस' रोग लाग्ने गरेको प्रादेशिक स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले बताउनुभयो । 'स्क्रब टाइफस' बाट बिरामीको अकालमै मृत्यु हुन नदिनका लागि समयमै रोगको पहिचान र निदान आवश्यक रहेको जनाइएको छ । यो रोग लागेमा ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, मांसपेशी दुख्ने, पाचन अङ्गमा गडबडी तथा शरीरमा रातो बिमिरा आउने लक्षण देखिने गर्छ । 'स्क्रब टाइफस' लागेमा बिरामीको समयमै उपचार नभए कलेजो, मिर्गौला, फोक्सो, मुटुलगायतका अङ्गमा सङ्क्रमण फैलिने र बिरामीको मृत्युसमेत हुने गरेको जनाइएको छ तर समयमै उपचार भएमा एक हप्तामै बिरामी निको हुने गरेको जोशीले उल्लेख गर्नुभयो । *बाँकी ३ पेजमा...*

# भन्सार छली गरेका सामान र गाडी बरामत

■ नमस्ते समचारदाता
नेपालगन्ज, कार्तिक/०५



भन्सार छली गरी नेपाल भित्र्याइएका सामानहरु प्रहरीले बरामत गरेको छ । सोमबार भारतबाट अबैध रुपमा भन्सार छली चोरी पैठारी बाट ल्याइएका सामानहरु बरामत गरिएको हो । नेपालगञ्ज उपमहानगरपालिका -२ घरबारी टोलबाट कटन, उलनको कुर्ता सुरुवाल तथा स्वेटर गरी रु २ लाख ६९ हजार चार सय पचास र सो सामान ल्याउन प्रयोग गरिएको भारतीय नम्बर प्लेट गए ज्ञट ब्क टटडद्द नम्बर प्लेटको कार र सो कारको अन्दाजी मुल्य रु ६ लाख ५० हजार गरी जम्मा रु ९ लाख १९ हजार चार सय पचास बराबरको सामान बरामत गरिएको बाँके प्रहरीले विज्ञप्ति मार्फत जानकारी गराएको छ। बरामत गरिएको लत्ताकपडा गाडी र ढुवानीमा संलग्न दुई जना मानिस समेतलाई आवश्यक कार बाहीको लागि भन्सार कार्यालय नेपालगंजमा बुझाइएको बाँके प्रहरीले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## जितसँग दायित्व पनि थपिन्छ

कोहलपुर उद्योग बाणिज्य संघको भरखरै सम्पन्न निर्वाचनबाट लोकतान्त्रिक समूहका उम्मेदवारहरुले निर्वाचन जिते पनि निर्वाचन पश्चात जितेका सबै पदाधिकारी तथा सदस्यहरु कोहलपुर उद्योग बाणिज्य संघ सँग आबद्ध आम ब्यापारीहरुका प्रतिनिधिहरु हुन । अब उनीहरुको काँधमा संघलाई नयाँ योजना सहित आम ब्यापारीहरुको हक हितको लागि व्यवसायीक नैतिकतामा अन्तरनिहीत रही काम गर्नु पर्ने दायित्व थपिएको छ । निर्वाचनको बेला व्यवसायीहरुलाई यो गर्छु, त्यो गर्छु भनेर नारा लगाउन जति सजिलो हुन्छ, आफू नेतृत्वमा पुगे पछि त्यही नारा कार्यान्वयन गर्न धेरै समस्याहरु देखिन्छन् । फेरि अर्को स्मरण गर्नु पर्ने महत्वपूर्ण पक्ष के हो भने जितेको नेतृत्वले आम व्यवसायीहरुको विश्वास आर्जन गर्न पनि आफूले निर्वाचनमा व्यवसायीहरु समक्ष बाचा गरेका कुराहरु पुरा गर्न सक्नु पर्दछ । यति बेला सबै तिर विश्वासको खडेरी परिरहेको समयमा यिनीहरु पनि निर्वाचनमा भोट लिनलाई मात्र भन्ने हुन जिते पछि उस्तै हुन भन्ने आम मनोविज्ञानलाई गतल साबित गर्न सक्नु नै अहिलेको विश्वासको जग बसाल्नु हो । कोहलपुरमा नराकात्मक प्रवृत्ति अलि बढी नै भैरहेको समाज छ र त्यस्तो कनोविज्ञानले व्यवसायीहरुलाई पनि प्रभाव नपार्नै कुरै भएन । त्यसैले जितेकाहरु पनि आफू हिजो उम्मेदवार हुने बेलाको मनोविज्ञान जस्तो भएर होइन कि अब आम ब्यापारीहरुको नेतृत्व गर्ने व्यक्तिको रुपमा रुपान्तरण हुन सक्नु पर्छ । तपाईका हिजोको मनोविज्ञान र अबको मनाविज्ञान फरक हुनु पर्छ । मनोविज्ञान बदलिनु पर्छ तर व्यवहार बदलिनु हुदैन । व्यवसायीक नैतिकता सहितको आदर्श, आम व्यवसायीक साथीहरु सँगको सुमधुर सम्बन्ध(व्यवहार) र रुपान्तरण सहितको नयाँ विचारको मनोविज्ञानले मात्र तपाई संघको कुशलतापूर्वक नेतृत्व गर्न सक्नु हुन्छ । त्यसैले जितेका व्यक्तिहरु अब व्यक्ति वा व्यवसायी मात्र होइनन् । उनीहरु कोहलपुर उद्योग बाणिज्य संघको नयाँ सोच स्थापित गर्न सक्ने अवसरको नेता पनि हुन ।

# आशा जगाऔं, विदेश पलायन रोकौं



प्रतिवेदन वैद्य



मातृभूमिप्रतिको अगाध स्नेहलाई बिर्सेर युवाहरू बिदेसिन बाध्य हुनुका पछाडि विविध कारण छन् । नागरिकको पलायन रोक्न नसके भविष्यमा मुलुकले अकल्पनीय क्षति व्यहोर्नुपर्ने देखिन्छ । नेपाली युवाहरूको देश छोडने क्रम तीव्र छ । करिब एक तिहाइ जनसंख्या देश बाहिर गइसकेको छ । यस सन्दर्भमा हाम्रा नीति निर्माता वा राजनीतिज्ञ न यो बारेमा चिन्तित छन् न भविष्यमा आउन सक्ने सम्भावित भयावह अवस्थाको बारेमा केही तयारी गरिरहेका छन् । जसले गर्दा देश अनिश्चयको भुँमरीमा फस्न लागिरहेको देखिन्छ । स्वदेशमै आकर्षक तलबभत्ता पाइने अन्तर्राष्ट्रिय संस्थामा कार्यरत एकजना साथीलाई सपरिवार विदेशमा बसोबासको लागि बिदावारी गर्न एक महिनाअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल जाँदा मन अमिलो भयो । देशमा साँच्चै भविष्य नभएको हो त ? भन्ने प्रश्नले सोच्न बाध्य तुल्यायो । केही लाखको मासिक तलब पाउने, काठमाडौंमा घर बनाइसकेको, राम्रै कम्पनीको गाडी चढ्ने र पुख्यौली सम्पत्तिसमेत ती साथीको बाहिर बसाइँ सर्ने निर्णय अप्रत्याशित होइन । ती मित्रले अवसरको कमीको कारणभन्दा पनि समाजमा कायम असहिष्णुता तथा सबै कुरामा राजनीतीकरण गर्ने र राजनीतिक संरक्षणबिना केही गर्न नसकिने अवस्था उत्पन्न भएकोले बिदेसिने निर्णय लिन बाध्य भएको बताउँदा मनमा चिसो पस्न पुग्यो । मेरा मित्र लाखौं नेपालीहरूमध्ये एक पात्र हुन् । मातृभूमिप्रतिको अगाध स्नेहलाई बिर्सेर जुनसुकै उमेरमा भए पनि देश छोडेर परदेसिन बाध्य हुनुका पछाडि विविध कारण छन् । हो, वास्तवमा देशको ढुकुटी लुट्न पल्किएका राजनीतिक कार्यकर्ताबाहेक आम नेपाली स्वदेशमै सम्मानपूर्ण वातावरण होस् र परिवारको प्रगति तथा करको माध्यमबाट देशको विकासमा योगदान गर्न सकियोस् भन्ने चाहन्छन् । तर आफूले कर तिरेको करचुक्ता प्रमाणपत्र लिनसमेत अनेक दुःख खेप्नुपर्ने अवस्था छ । घूस नदिई सामान्य कामसमेत गराउन नसक्ने वातावरण तथा आफूमाथि अन्याय भयो भने सो कुराको सुनुवाइ हुने निकाय प्रभावहीन छ । जसका कारण पनि देश बिस्तारै रित्तिँदै गइरहेको छ । हालसालै एक अन्तर्राष्ट्रिय तालिमको सिलसिलामा अमेरिकाले कसरी आम नागरिकको सेवामा केन्द्रित भएर विश्वभरका मानिसलाई आकर्षित गरेर देशको विकास गरेको छ भन्ने प्रत्यक्ष अनुभव गर्ने मौका मिल्यो । हुन त विशाल देशलाई बुझ्न १० हप्ताको समय पर्याप्त होइन तर पनि मैले जे अनुभव गरेको छु । त्यही लेख्दैछु । अमेरिकामा मानिसलाई एकदमै महत्त्व दिइने रहेछ । आफ्नो कारणले अरूलाई असुविधा हुन्छ कि भनेर मानिसहरू एकदमै सचेत रहने पाइयो । त्यहाँको सरकारका नीति, नियमहरू तथा अन्य कार्यक्रमहरूमा जनतालाई सजिलो हुन्छ भन्नमै केन्द्रित रहेर बनाइँदो रहेछ । हाम्रो मुलुकमा ठीक उल्टो छ । सायद नियममा चलेको भएर होला मानिसहरू त्यहाँको प्रणालीप्रति आश्वस्त छन् जसले गर्दा हाम्रोमा जस्तो नियम मिच्न होडबाजी गर्नु पर्दैन । हवाई राज्यका सर्वसाधारण तथा नीति निर्मातासँग कुरा गर्दा उनीहरू कुनै कुरा लागू गर्दा सात पुस्तासम्म सोचेर गर्नुपर्छ भन्ने मान्यता राख्दा रहेछन् । सानो होस् वा ठूलो व्यक्ति नियम सबैलाई एकै प्रकारले लागू हुँदो रहेछ । हाम्रोमा जस्ता सानालाई ऐन र ठूलालाई चैनको अवस्था रहेन छ । यसले आम नागरिकमा सकारात्मक सन्देश दिएको पाइयो । नागरिकले सही अर्थमा स्वतन्त्रपूर्वक आफूलाई लागेको कुरा बोल्न र असहमति जाहेर गर्न पाउने रहेछन् । किनकि बोलेको वा आफूभन्दा वरिष्ठ व्यक्तिभन्दा फरक विचार राख्दैमा केही नकारात्मक परिणामको सामना गर्नु पर्दैन । हाम्रोमा जस्तो अध्यक्षको भन्दा फरक मत राख्दैमा वा उसको गुणगान नगाउँदैमा वर्षौंको राजनीतिक भविष्य अन्धकारमा जाने चिन्ता त्यहाँका नागरिकलाई नहुने रहेछ । तर्क र बहसको माध्यमबाट असल परिणामहरूको विकास गरेको पाइयो । सरकारी वा गैरसरकारी कार्यालयहरूका उपल्लो तहका कर्मचारीहरूले समेत इमेलको आधारमा विषयवस्तु सान्दर्भिक छन् भने भेटेर कुरा गर्ने रहेछन् । र विषयवस्तु सान्दर्भिक छैनन् भने प्रस्ट रूपमा सो विषयवस्तुमा अरू व्यक्तिले सहयोग गर्न सक्छन् भनेर उनीहरूसँग सम्पर्क स्थापित गर्न सहयोग गर्ने रहेछन् । हाम्रोमा जस्तो कुनै व्यक्तिलाई भेट्न सोर्सफोर्स लगाउनु पर्ने वा अलिकति लोकप्रिय भएमा आफूलाई भगवान् ठानेर खाली प्रवचन दिने तर अरूको कुराको प्रतिक्रिया नदिने चलन त्यहाँ रहेनछ । व्यक्तिको स्वतन्त्रता अमेरिकीहरूको लागि अत्यन्त प्रिय रहेछ । तर, नेपालको अवस्था दर्शाउन एउटा उदाहरण दिन चाहन्छु । केही समयपहिले फर्म भरेको डेढ वर्षपछि नागरिक परिचयपत्र लिन आउने म्यासेज आएपछि परिचयपत्र लिन गएर करिब तीन घण्टा लाइन लाग्नु पऱ्यो । पछि म्यासेज डिलिट भएको कारण देखाउँदै परिचयपत्र वितरण गर्ने राष्ट्रसेवकले अर्को कोठामा जान निर्देशन गरे । उनको कम्प्युटरमा एक मिनेटमा हेर्न सकिने विवरण हेरेर आउन मलाई करिब एक घण्टा लाग्यो । यो प्रतिनिधिमूलक घटना हो । चाहे अध्यागमन कार्यालयमा जानुस् वा मालपोत वा यातायात वा कम्पनी रजिस्ट्रारको कार्यालय त्यहाँ गरिने व्यवहार प्रायः यस्तै नै हो । त्यस खालको व्यवहारबाट प्रताडित नहुन हामी घूस दिन बाध्य हुन्छौं । हो नियम मिचेपछि कारबाहीको भागीदार हुनुपर्छ । तर आधा बाटो छेकेर प्रत्येक दिन मापसे चेकको नाममा दिने सास्तीलाई कम गर्ने उपाय प्रहरीका हाकिमसँग छैन होला र ? किनकि उनीहरूले धेरै देशका असल अभ्यासहरू हेरेका छन् । तर ती अभ्यास यहाँ लागू गर्दैनन् । चुनावी घोषणापत्र र भाषणमा बाहेका आम नागरिकहरूलाई सम्मानको दृष्टिले हेरिएको पाइँदैन । आम नागरिकले सुनुवाइको लागि याचना गर्ने निकायहरू मृत प्रायः अवस्थामा छन् । नेपाललाई सिंगापुर बनाउँछु भनेर भाषण गर्ने नेताहरूले विश्वासको वातावरण बनाउन नसक्दा देशको स्रोत र साधन गुमाइरहेका छन् ।

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# बाँकेमा यस वर्ष एक लाख ५० हजार मेट्रिकटन धान उत्पादन हुने


नमस्ते समाचारदाता
बाँके, कार्तिक/०५



बाँके जिल्लामा यस वर्ष एक लाख ५० हजार मेट्रिकटन भन्दा बढी धान उत्पादन हुने अनुमान गरिएको छ । सुरुदेखिनै अनुकूल मौसम र समयमा रोपाईं भएकाले यस वर्ष विगतभन्दा उत्पादन बढ्ने कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख विनोद घिमिरेले यस वर्ष जिल्लामा किसानका लागि सुरुदेखिनै मौसम अनुकूल भएको र बिचमा बाढी आएर धान नोक्सानी पनि नभएकोले धानको उत्पादन बढ्ने अनुमान गरिएको बताउनुभयो । उहाँले अहिले धान भित्र्याउने कार्य तीव्र रूपमा भइरहेकोले उत्पादनको तथ्याङ्क आउन केही समय लाग्ने भए पनि गत वर्षभन्दा करिब १५ प्रतिशत उत्पादन वृद्धि हुने अनुमान गरिएको बताउनुभयो । धानको उत्पादन मापन गर्न 'क्रस कटिङ'को विधि अनुसार तथ्याङ्क आउनुपर्ने जनाउँदै कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख घिमिरेले दसैँअघि नै त्यसका लागि स्थानीय तहसँग समन्वय गरिरहेको बताउनुभयो । "हामी फिल्डमा पुग्दा किसान उत्साहित देखिनुहुन्छ, धानको उत्पादन पनि राम्रो भएको देखिएको छ", उहाँले थप्नुभयो । जिल्लाको ३५ हजार हेक्टर क्षेत्रफलमा धान खेती भएको केन्द्रले जनाएको छ । यस वर्ष प्रति हेक्टर कम्तीमा ४.३ मेट्रिकटन धान उत्पादन हुने कृषि ज्ञान केन्द्रको अनुमान छ । सो अनुसार यस वर्ष बाँके जिल्लामा १ लाख ५० हजार ५०० मेट्रिकटन भन्दा बढी धान उत्पादन हुनेछ । जिल्लाको राप्ती सोनारी गाउँपालिका-४ बैजापुर निवासी हरेराम चौधरीले गत वर्ष भन्दा यस वर्ष १५ प्रतिशत धानको उत्पादन बढ्ने देखिएको बताउनुभयो । उहाँले समयमा नै पानी परेको र समयमा रोपाईं भएकाले धानको उत्पादन बढ्ने निश्चित रहेको जनाउनुभयो । उत्पादन बढ्ने देखिएपछि किसानहरू निकै खुसी देखिएका छन् । जिल्लाका अधिकांश किसानले सरकारले समयमै राम्रो मूल्य निर्धारण गरेर धान खरिद गर्नु पर्नेमा जोड दिएका छन् । उनीहरूले सरकारले धान खरिदमा ढिलाइ गर्दा किसानले बाध्य भएर व्यापारीलाई सस्तोमा धान बिक्री गर्नु परेको गुनासो गरेका छन् ।

# ७५ प्रतिशत एमाले मैले निर्माण गरेको हुँ, : वामदेव गौतम

नमस्ते समाचारदाता
काठमाडौं, कार्तिक/०५



राष्ट्रिय सभा सदस्य वामदेव गौतमले नेकपा (एमाले)को ७५ प्रतिशत पार्टी निर्माण आफूले गरेको दाबी गरेका छन् । साथै उनले मेरो आफ्नै बुद्धि कमजोर भएर अहिले म पार्टी बाहिर बस्नु परेको छ भनेर स्वीकार समेत गरेका छन् । सोमबार राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक, मामिला तथा सुशासन समितिको बैठकमा बोल्दै राष्ट्रिय सभा सदस्य गौतमले एमालेको ७५ प्रतिशत पार्टी निर्माण आफूले गरेको दाबी गरेका हुन् । उनले आफु बोल्ने क्रममा आफ्नो बुद्धि कमजोर भएका कारण अहिले एमाले बाहिर बस्नुपरेको समेत बताए । गौतमले भने, 'नेकपा (एमाले) आज पनि मैले निर्माण गरेको ७५ प्रतिशत छ । ७५ प्रतिशत ठाउँमा मैले पार्टी निर्माण गरेको हो । मेरै बुद्धि अलि कमजोर भयो । त्यसो भएर बाहिर बसियो । मेरो ज्ञान, अनुभवले मैले बोलिरहेको हुन्छु । म सिद्धान्तभन्दा बाहिर बोल्दिन ।' उनले विगतमा चितवनस्थित नारायणघाटमा पहिरो गएपछि दुई महिनासम्म काठमाडौँ जोड्ने स्थलमार्ग बन्द गर्न आफूले आग्रह गरेको भए पनि सरकारले नसुनेका कारण पछिल्लो विपद्मा क्षति भोग्नुपरेको बताए । उनले आफूले अध्ययन गरेर पुनः विपद् आउँदै छ भनेर राष्ट्रिय सभा बैठकमै सरकारलाई सजग गराएको भए पनि कुरा नसुनिएको बताए । उनले प्रधानमन्त्रीलाई नेपालको भौगर्भिक अवस्थाको अध्ययन गर्न आग्रह समेत गरे ।

## एक...

'स्क्रब टाइफस' बाट बच्न रोगको ब्याक्टेरिया सार्ने माइटको सम्पर्कबाट टाढा रहनु नै सबैभन्दा उत्तम उपाय रहेको बताइएको छ । यसै गरी घरवरिपरि सफा राख्ने, जङ्गल, झाडीमा सकेसम्म नजाने, जाने परे शरीर ढाक्ने गरी कपडा, हातमा पन्जा र खुट्टामा लामो बुट लगाउन आवश्यक रहेको जनाइएको छ।

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भ्रष्टाचारविरुद्धको अभियान निरन्तर अघि बढ्छ : अध्यक्ष प्रचण्ड

नमस्ते समाचारदाता
जुम्ला, कार्तिक/०५



नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूले सरकारको नेतृत्व गरेको बेला सुरु गरेको भ्रष्टाचार विरोधी अभियान निरन्तर अघि बढ्ने बताउनुभएको छ । नेकपा माओवादी केन्द्र जुम्लाले खस भाषा र सभ्यताको केन्द्र सिञ्जा कनकासुन्दरीमा आयोजना गरेको जनसभा तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यो अभियान नरोकिने बताउनुभएको हो । उहाँले आफूले सरकारबाट सुरु गरेको यो अभियान अब पार्टीको तर्फबाट अघि बढाउने बताउनुभयो । "सुशासनको पक्ष र भ्रष्टाचारको विरुद्धमा निकै ठुलो अभियान सुरु गरिएको छ ।," उहाँले भन्नुभयो, "नेपालको इतिहासमा नै पहिलोपटक सबैभन्दा माथिल्लो तहमा रहेका नेता र कर्मचारीहरुविरुद्ध भ्रष्टाचार मुद्दा चलाउने र हिरासतमा लिने प्रक्रिया सुरु भएको थियो, यो पहिलो रेकर्ड नै बनेको छ ।" भूमाफियाहरुले राज्यको जग्गा व्यक्तिका नाममा लैजाने र जनतालाई कङ्गाल बनाउने प्रवृत्ति धेरै पहिलेदेखि हुर्कँदै आएको आएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले आफ्नो नेतृत्वको सरकारले त्यस्ता भूमाफियाले कब्जा गरेर व्यक्तिका नाममा लगेको जग्गा पुनः राज्यका नाममा फिर्ता गराउने र उनीहरूलाई मुद्दा चलाउने काम गरेको स्मरण गर्नुभयो । उहाँले सामाजिक न्यायको पक्षमा देशभित्र र विदेशमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्नेदेखि हजारौँ नागरिकता विहीनतालाई नागरिकता प्रदान गर्ने, वर्षौंदेखिको मिटरब्याजको समस्या कानुन बनाएर नै अन्त्य गर्नेलगायतका कामले जनतामा नयाँ उत्साह पैदा भएको बताउनुभयो । भौतिक पूर्वाधार निर्माणको सवालमा आफूले तिनैपटक प्रधानमन्त्री हुँदा महत्वपूर्ण थालनी गरेको बताउनुभयो । पहिलोपटक प्रधानमन्त्री हुँदा मध्यपहाडी लोकमार्ग, मदन भण्डारी लोकमार्ग, उत्तरदक्षिण कोरिडोर को अवधारणा अघि सारेको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री प्रचण्डले दोस्रोपटक प्रधानमन्त्री हुँदा लोडसेडिङ अन्त्य गरेको र तेस्रोपटक प्रधानमन्त्री हुँदा भारतसँग दश वर्षमा दश हजार मेगावाट विद्युत बिक्री लगायतका ऐतिहासिक समझदारीमा हस्ताक्षर गरेको बताउनुभयो । चाँडै निर्माण सम्पन्न हुन थालेको मध्यपहाडी लोकमार्गले पहाडी क्षेत्रलाई नयाँ जीवन दिँदै राष्ट्रिय एकता र आर्थिक समृद्धिका लागि कोशेढुङ्गा हुने बताउनुभयो । उत्तरदक्षिण कोरिडोरले कर्णाली लगायतका विकट क्षेत्रलाई सुगम बनाउँदै लैजाने बताउनुभयो । "भारत र बङ्गलादेशसँग विद्युत व्यापारको सम्झौता क्रान्तिकारी कदम थियो" उहाँले भन्नुभयो, "पहिलोपटक चीन भ्रमणका क्रममा पनि विद्युत व्यापारका लागि क्रसबोर्डर ट्रान्समिटर निर्माण गर्ने सहमति भयो । थुप्रै नाकाहरू खोल्ने सहमति भयो । तपाई कर्णालीवासी जनसमुदायलाई थाहै छ, ८ वटा परम्परागत नाकाहरू खोल्ने निर्णय पनि यसैबिचमा भयो । जुम्लाको नाथेलाग्ना सम्म बाटो पुऱ्याउने सहमति पनि भएको छ, यो कर्णालीको विकासको लागि महत्वपूर्ण काम हो ।" आफू चौथोपटक जुम्ला आएको उल्लेख गर्दै उहाँले खस भाषा र सिञ्जा सभ्यताको केन्द्रमा आएर बोल्दा गौरव महसुस भएको र यो सभ्यतालाई पुनर्स्थापित गर्नुपर्ने बताउनुभयो । उहाँले यससम्बन्धी कानुन निर्माणको प्रक्रिया आफ्नो नेतृत्वको मन्त्रिपरिषद्ले अघि बढाएको जानकारी दिँदै यसलाई पूर्णता दिन सबै जिम्मेवारीपूर्वक लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा कनकासुन्दरी गाउँपालिका वडा नम्बर ८ निर्वाचित वडा अध्यक्ष धनबहादुर कामीसहित झन्डै पाँच सय व्यक्ति विभिन्न पार्टी परित्याग गरी माओवादी केन्द्रमा प्रवेश गरेका थिए । नवप्रवेशीहरुलाई अध्यक्ष प्रचण्डले स्वागत गर्नुभएको थियो ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होइन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
…लपुर, न्यूरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# प्रदेश सरकारद्वारा स्थानीय सेवा ऐन जारी

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०५



कर्णाली प्रदेश सरकारले स्थानीय सेवा ऐन जारी गरेको छ। स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्तिविकास र नागरिक सेवा प्रवाहसँग सम्बन्धित रहेर स्थानीय सेवाको गठन, सञ्चालन र सेवा सर्तसम्बन्धमा बनेको विधेयक-२०८१ जारी गरेको हो । कर्णाली प्रदेश सरकारले प्रदेश राजपत्रमा असोज २९ गते प्रकाशित गरी कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन-२०८१ जारी गरेको छ। जम्मा १४० वटा दफा रहेका छन् । नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी व्यवस्था प्रदेश कानुनबमोजिम हुने भनिएको छ। सोही अनुसार कर्णाली प्रदेशभित्रका स्थानीय तहबाट हुने सेवा प्रवाहका लागि आवश्यक कर्मचारी समेतको व्यवस्था गरी स्थानीय सेवालाई सक्षम, सुदृढ, उत्तर दायी, व्यावसायिक, निष्पक्ष र प्रभावकारी बनाउन कानुन व्यवस्था गर्न आवश्यक भएकाले ऐन ल्याएको प्रदेश सरकारले जनाएको छ । कर्मचारी प्रशासनलाई चुस्त बनाउनदेखि स्थानीय तहमा रहने सेवा गठनलाई सुनिश्चित गर्नका लागि स्थानीय सेवा ऐन जारी गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । स्थानीय तहको प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति रहने तह सुनिश्चित गर्न, कर्मचारी कार्यविवरण र कार्यसम्पादनमार्फत सेवा प्रवाह व्यवस्थित गर्न यो ऐन ल्याइएको कार्यालयका कानुन सचिव शङ्करबहादुर केसीले जानकारी दिनुभयो । पालिकाहरूले आवश्यक जनशक्तिको दरबन्दी सिर्जना गर्न र गुणस्तरीय सेवा गर्न सहज हुने उहाँको भनाइ छ । ऐन कार्यान्वयन गरेर स्थानीय तहमा बेथितिका रूपमा रहेको कानुनविपरीतका पदपूर्तिमा नियमन हुने जनाइएको छ।

**ऐनमा के छ व्यवस्था ?**

स्थानीय तहको प्रशासन सञ्चालन गर्न स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको सर्त तथा कर्मचारीको व्यवस्थापन सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रमुख निकायका रूपमा काम गर्ने छ । यो ऐन र यस अन्तर्गत बनेको नियममा उल्लेख भएकाबाहेक कर्मचारी प्रशासनसम्बन्धी अन्य काम मुख्यमन्त्री कार्यालयको स्वीकृति लिएर मात्र गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । स्थानीय सेवाको गठन गर्दा स्थानीय इन्जिनियरिङ, कानुन, कृषि, प्रशासन, विविध, शिक्षा तथा स्वास्थ्य सेवा गरी सात वटा स्थानीय सेवा रहने छन् । अधिकृत स्तरमा छैटौँदेखि दसौँ र सहायकस्तरमा तहविहीनदेखि पाँचौँसम्म तह कायम गरिएको छ। प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत पदको कार्यविवरण स्वीकृत गरी लागु गर्ने ऐनमा उल्लेख छ । सङ्गठन संरचना र दरबन्दी कार्यपालिका हुँदै सभाबाट स्वीकृत हुने छ । अस्थायी प्रकृतिका पदका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरिने छ। यसअघि स्थानीय तहमा जनप्रतिनिधिले आफूखुसी आफूनिकट व्यक्तिलाई ज्यालादारी तथा करारमा नियुक्त दिलाई आवश्यकता र औचित्यविपरीत भर्ना गरिरहेका थिएरु। सेवा ऐन बनेसँगै ज्यालादारी र करारमा नियुक्ति गर्न नपाइने व्यवस्था गरिएको छ । ऐनविपरीत नियुक्त गरिएमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिने ऐनमा उल्लेख गरिएको छ । यो ऐन कार्यान्वयनमा आएको खण्डमा स्थानीय तहमा हुने अनावश्यक पहुँचका आधारमा गरिने करार कर्मचारी नियुक्तिको बेथिति रोक्ने छ।

# विकास कुरामा भन्दा व्यवहारमा गर्नुपर्छ : मुख्यमन्त्री कँडेल

नमस्ते समचारदाता
जाजरकोट, कार्तिक/०५



कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यमलाल कँडेलले विकास कुरामा भन्दा पनि व्यवहारमा कार्यान्वयन गरेर देखाउनु पर्ने बताउनुभएको छ । २ दिने जिल्ला भ्रमणको लागि जाजरकोट आउनुभएका मुख्यमन्त्री कँडेलले जिल्ला स्थित सात वटै पालिकाका जनप्रतिनिधि, कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख सँगको अन्तरक्रियामा उक्त कुरा बताउनुभएको हो । जिल्लामा प्रदेश सरकार अन्तर्गत सञ्चालन हुने विकास कार्यक्रमलाई समयमै सम्पन्न गर्न समेत उहाँले कार्यालय प्रमुखहरूलाई निर्देशन दिनु भएको छ । सात वटै स्थानीय तहका प्रमुखहरूलाई आफ्नो पालिकामा हुने विकास योजनाहरू समयमै सिफारिस गरी पठाउन अनुरोध गर्नु भएको छ । आफ्नो पालिकामा हुने प्रदेश सरकार अन्तर्गतका विकास योजनाहरूको अनुगमन तथा अपनत्व लिन समेत उहाँले पालिका प्रमुखहरूलाई आग्रह गर्नुभयो । कार्यक्रममा राजनीतिक दलका तर्फबाट मुख्यमन्त्री कँडेललाई जिल्लाको तर्फबाट भूकम्प पछिको पुनर्निर्माण, सडक पूर्वाधारको निर्माण, स्थायी आवासको व्यवस्था लगायतको विषयमा ज्ञापन पत्र मार्फत ध्यानाकर्षण गराएको छ । त्यस्तै नागरिक समाजको तर्फबाट पनि मुख्य मन्त्री कँडेल समक्ष जनसरोकार तथा भूकम्प पछिको पिडा र सरकारले तत्काल गर्नु पर्नेकार्यका बारे ध्यानाकर्षण पत्र बुझाइएको छ । जिल्लामा रहेका विभिन्न बहुमूल्य पत्थर खानीहरूको उत्खनन, टालेगाउँ, पजारू, दह लगायतका क्षेत्रमा पाइने काइनाइट र टुरमालिन जस्ता बहुमूल्य पत्थरहरूको खानी उत्खनन गरिएमा जिल्लाको आर्थिक अवस्थामा पर्याप्तता मात्रामा टेवा पुग्ने विश्वास गरिएको छ । त्यस्तै सडक पूर्वाधार र पर्यटन प्रवर्द्धनमा पनि दलहरूले प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् । साथै जाजरकोट जुम्ला सडक, भेरी कोरिडोर, मध्यपहाडी लोकमार्गको मन्ता भीर खण्डको निर्माणको पनि माग गरेका छन् । साथै ४२० मेघाबाटको नलसिङ्गाड जलविद्युत आयोजना, भेरी पुल निर्माणको पनि माग गरेका छन् । अन्तरक्रिया पश्चात् मुख्य मन्त्रीको भ्रमणको विषयमा पत्रकार भेटघाट कार्यक्रम समेत गरिएको छ । नेपाल पत्रकार महासङ्घ जाजरकोटले आयोजना गरेको कार्यक्रममा आफूले समग्र जिल्लाको बस्तु स्थिति बुझ्ने मौका पाएको बताउँदै स्रोत अनुसारको कार्य गर्ने प्रतिबद्धता जनाउनु भएको थियो। पत्रकारहरूको जिज्ञासामा पत्रकारहरूको बिमा लगायतका कार्यक्रम आफूले ल्याएको बताउनु भएको थियो ।


## मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## महत्वपूर्ण कागजात हराएको सूचना ।

मिति २०८१/०७/०५ गते व्याक्तिगत काम विशेषले कोहलपुर देखि नेपालगन्ज जाने क्रममा माईक्रोबसमा नेपाली नागरिकता र उच्च अदालत तुल्सीपुर नेपालगन्ज इज्लासको तारिक पर्चा दुई थान सहितको झोला हराएको हुँदा भेटाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय र तपशिल बमोजिमको ठेगानामा सम्पर्क गरिदिन हुन अनुरोध सहित यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

**नाम** : सुर्य प्रसाद पराजुली
**ठेगाना** : कोहलपुर नगरपालिका, वडा नं. ३, मदनचोक, बाँके
**सम्पर्क** : ९८५८०३०२१९

**हराएको**

१) नागरिकता प्र.प.नं. ८४५ (तनहुँ), जारी मिति २०३७/१२/१० गते
२) तारिक पर्चा २ थान


## नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com
9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके